सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक ☞ p.17

## उच्च माध्यमिक विद्यालयको अध्ययन शुल्क

पूर्णकालीनको पाठ्यक्रम

| | |
|---|---|
| भर्ना शुल्क | 5,650 येन |
| वार्षिक कक्षा शुल्क | 118,800 येन |
| उच्च माध्यमिक विद्यालय भर्ना टेवा राशिबाट * भुक्तानी प्राप्त गरेको बेला | 0 येन |

निर्धारित समय प्रणालीको पाठ्यक्रम
( ) भित्रको योकोहामा नगरको लागि

| | |
|---|---|
| भर्ना शुल्क | 2,100 येन (1,200 येन) |
| वार्षिक कक्षा शुल्क | 32,400 येन |
| उच्च माध्यमिक विद्यालय भर्ना टेवा राशिबाट * भुक्तानी प्राप्त गरेको बेला | 0 येन |

सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक ☞ p.18

उच्च माध्यमिक विद्यालयमा प्रवेश गर्दा पैसा लाग्छ। पृष्ठ 17 हेर्नुहोला।
पहिला, उच्च माध्यमिक विद्यालयमा पास गर्‍यो भने भर्ना शुल्क र अध्ययन शुल्क लाग्छ। तथापि, भर्ना टेवा रकम भनिने प्रणालीले गर्दा, अध्ययन शुल्क सम्बन्धमा, वार्षिक आम्दानी लगभग 91 लाख येन वा सो भन्दा कम हुने घरबारले, सार्वजनिक उच्च माध्यमिक विद्यालयको अध्ययन शुल्क नतिरे पनि हुन्छ। निजी उच्च माध्यमिक विद्यालयको लागि समेत सहायता उपलब्ध हुन्छ। तथापि, उच्च माध्यमिक विद्यालय भर्ना पश्चात् प्रक्रिया अपनाउनु आवश्यक हुन्छ।विस्तृत विषयवस्तुका लागि, गाइडबुकको पृष्ठ 18 मा लेखिएको छ, राम्ररी हेर्नुहोला।

सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक ☞ p.17

## प्रथम वर्षमा आवश्यक पर्ने अध्ययन खर्च

अध्ययन शुल्क (निजी विद्यालयमा), पाठ्यपुस्तकहरू जस्ता अध्ययनमा लाग्ने खर्चहरू, पोसाक, व्यायाम पोसाक, विद्यार्थी समिति खर्च, शैक्षिक भ्रमणको बचत रकम इत्यादि




अझै पृष्ठ 17 को तल्लो पट्टि रहेको छ, अध्ययन शुल्क बाहेक पनि पाठ्यपुस्तक खर्च, पोसाक खर्च, व्यायाम पोसाक, विद्यार्थी समिति खर्च, शैक्षिक भ्रमणको बचत रकम इत्यादि विभिन्न खर्च लाग्छ। 1 वर्ष हुँदाको समयमा आवश्यक अध्ययन खर्च अनुमान गर्दा, सार्वजनिक निर्धारित समय प्रणालीमा 40,000 येन जति, सार्वजनिक पूर्णकालीन प्रणालीमा 2 लाख येन जति, निजी उच्च माध्यमिक विद्यालयमा भने विद्यालय अनुसार धेरै नै फरक हुन्छ र, करिब 9 लाख येन वा सो भन्दा बढी लाग्छ।

पास हुने वितिकै, पोसाक खर्च या पाठ्यपुस्तक खर्च इत्यादि एकमुष्ट रकम आवश्यक हुन्छ।

पास हुँदाको जानकारी सभामा उठाउने विद्यालय पनि हुन्छन्।

अवश्य, तयारी गरी राख्नुहोस्।



# छात्रवृत्ति

**※ आर्थिक रूपले मुस्किल पर्ने घरबारको लागि पैसा सापटी दिने प्रणाली रहेको छ।**

विस्तृतमा, सामाग्री पृष्ठको “छात्रवृत्ति रकम सूची” हेर्नुहोला।

आर्थिक रूपले मुस्किल पर्ने घरबारको लागि पैसा सापटी दिने प्रणाली रहेको छ।
विस्तृतमा, सामाग्री पृष्ठको “छात्रवृत्ति रकम सूची” हेर्नुहोला।

さいごまで　あきらめないで、がんばって！




ब्राजिलका उच्च माध्यमिक तहको
विद्यार्थीले बनाएको चित्र

यो व्याख्या समाप्त।

सबैजनाले, अन्तिमसम्म हार नमानीकन आफ्नो सपनाको बाटो पछ्याउनुहोस्।